NRB Directive Form No 9.5

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.


नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, बुटवल–१२, रुपन्देही । फोन नं : ०७१–४३८१७१, (email: info@jucbank.com.np)


## Unaudited Financial Result (Quarterly)

## As on Third Quarter for the Fiscal Year 2078/079 (30/12/2078)

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,429,531.14** | **2,362,021.24** | **2,285,821.43** |
| 1.1 | Paid-up Capital | 118,324.80 | 118,324.80 | 79,200.00 |
| 1.2 | Reserves and Surplus | 150,522.73 | 142,191.75 | 126,725.13 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1,328,069.06 | 1,255,248.70 | 1,377,216.55 |
| 1.5 | Deposits (a+b) | **787,098.45** | **788,212.43** | **663,078.74** |
| | a. Domestic Currency | 787,098.45 | 788,212.43 | 663,078.74 |
| | b. Foreign Currency | | - | - |
| 1.6 | Income Tax Liabilities | 4,557.99 | 6,434.35 | 11,474.86 |
| 1.7 | Other Liabilities | 40,958.11 | 51,609.21 | 28,126.15 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **2,429,531.14** | **2,362,021.23** | **2,285,821.43** |
| 2.1 | Cash & Bank Balance | 222,486.65 | 99,568.75 | 10,588.36 |
| 2.2 | Money at call and short Notice | 13,489.33 | 13,489.33 | 248,789.52 |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,153,720.50** | **2,210,647.68** | **1,987,885.86** |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 2,153,720.50 | 2,210,647.68 | 1,987,885.86 |
| 2.5 | Fixed Assets | 13,703.12 | 13,000.53 | 15,857.70 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 26,131.54 | 25,314.93 | 22,699.99 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 244,944.73 | 163,251.06 | 199,459.79 |
| 3.2 | Interest Expense | 108,617.44 | 69,996.16 | 81,421.56 |
| A | **Net Interest Income (3.1-3.2)** | **136,327.29** | **93,254.90** | **118,038.23** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 33,122.13 | 25,850.95 | 35,591.92 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **169,449.42** | **119,105.85** | **153,630.15** |
| 3.6 | Staff Expenses | 60,436.59 | 42,195.53 | 47,701.55 |
| 3.7 | Other Operating Expenses | 18,604.07 | 10,968.49 | 20,271.62 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **90,408.76** | **65,941.83** | **85,656.98** |
| 3.8 | Provision for Possible Loss | 24,922.34 | 17,915.08 | 56,721.70 |
| D | **Operating profit (C-3.8)** | **65,486.42** | **48,026.74** | **28,935.28** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 18,554.57 | 18,582.17 | 26,875.12 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **84,040.99** | **66,608.91** | **55,810.40** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **84,040.99** | **66,608.91** | **55,810.40** |
| 3.12 | Provision For Staff Bonus | 8,404.10 | 6,660.89 | 5,581.04 |
| 3.13 | Provision For Tax | 22,691.07 | 17,984.41 | 15,068.81 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **52,945.82** | **41,963.62** | **35,160.55** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.06% | 11.79% | 10.45% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.28% | 3.27% | 3.82% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 89.07% | 93.82% | 98.20% |
| 4.4 | Cost of Funds | 6.62% | 6.62% | 6.06% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 212.93% | 219.15% | 228.75% |

**Note:** The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

## आर्थिक वर्ष २०७८/०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तिय विवरण :**

क) **त्रैमासिक अवधिको वासलत, नाफा/नोक्सान सम्बन्धि विवरण:** यस वित्तीय संस्थाको आ. व. २०७८/०७९ को तेस्रो त्रैमासको नाफा/नोक्सान तथा २०७८ चैत्र मसान्त सम्मको वासलात सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी (बार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५९.६६ | ३५.२० | २२७.२१ | २,०५३.२७ | १०.५२% |

२. **व्यवस्थापकिय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण :**
चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा कारोवारको बृद्दि सँगै संस्थाको मौज्दात, आम्दानी र तरलता पर्याप्त कायम रहेको छ भने सो सम्वन्धमा संस्थाको व्यवस्थापन पक्ष सदैव सजग रहि संस्थाको लक्ष्य अनुसार उपलब्धी हासिलको लागि सम्वेदनशिल छ।

ख) **आगामी अवधिको ब्यबसायिक योजना सम्बन्धमा ब्यबस्थापनको विष्लेषणात्मक विवरण :** वित्तीय संस्थाले आफ्नो व्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न खालका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उद्देश्यले एस.एम.एस बैङिङ्ग सेवा सूचारु गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई व्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना रहेको छ।

ग) **विगतको अनुभव बाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संकमण तथा यसको ब्यवसायिक असरले ग्राहक सदस्यहरुको ब्यवसायमा अझै प्रभाव परेको देखिन्छ। त्यस्तै, लघुवित्त वित्तीय क्षेत्रको अस्वस्थ प्रतिस्पर्धा, सदस्यस्ता दोहोरोपना, सदस्य पहिचान, कर्जाको गुणस्तर, नीतिगत व्यवस्थामा हुने सक्ने परिवर्तनले सृजना गर्न सक्ने जोखिम, जनशक्तिमा हुने परिवर्तन आदिका कारण पर्न सक्ने असरको विश्लेषण गर्दै वित्तीय संस्थाले लिने गरेको कुशल रणनीतिका कारण गम्भीर समस्या हाल सम्म व्यहोर्नु परेको छैन। बर्तमान अवस्थामा वित्तीय क्षेत्रमा भएको तरलता अभावले नगद प्रबाहमा समेत असर पर्नसक्ने देखिएकाले ब्यवस्थापन पक्ष सदैव सम्वेदनशिल छ।

३) **कानुनी कारवाहि सम्बन्धि विवरण :**

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।

ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै सस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| २,७६३ | २,०८० | २,१०० | ५८ | १,५५० | ४३,४१८ |

५. **समस्या तथा चुनौती**

क) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास।

ख) जनशक्तिमा हुन सक्ने परिवर्तन।

ग) वित्तीय श्रोतका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको सँगको बाध्यात्मक निर्भरताले समस्या तथा चुनौतीहरु सामना गर्न पर्ने सम्भावना।

६. **संस्थागत सुशासन**

संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ। संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सोको पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी सोको कडाईका साथ पालना गर्ने गराउने गरिएको छ। संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ। यसका साथै बाह्य लेखा परीक्षक, आन्तरीक लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन ब्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापैक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न ब्यवस्थापन सदैव प्रतिवद्ध रहने छ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।